# स्थानीय राजपत्र

## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (५), संख्या ४, हुप्सेकोट, साउन १ गते शुक्रबार, २०७८ साल

# भाग २

## हुप्सेकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),

## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकाको सहकार्यमा भकारो सुधार कार्यक्रम संचालनसम्वन्धी कार्यविधि, २०७८**

## हुप्सेकोट गाउँपालिकाको सहकार्यमा भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७८

**प्रस्तावना :** मध्यपहाडी क्षेत्रमा अवस्थित हुप्सेकोट गाँउपालिका कृषी तथा पशुपालनको लागि उत्तम स्थानीय तह हो । कृषी पशुपालनलाई व्यवस्थित र व्यवसायिक बनाउन सक्ने हो भने गाउँपालिकाको आर्थिक विकासमा यसको अग्रणि भूमिका हुन्छ । माटोको उर्वराशक्ति कायम गर्दै परम्परागत कृषि तथा पशुपालनलाई आधुनिक र व्यवसायिक बनाउन कृषि तथा लिन क्षेत्रको दिगो विकास अपरिहार्य छ । बोटविरुवालाई आवश्यक खाध तत्व प्रयाप्त मात्रामा पूर्ति हुन मलको। रापालन आवश्यकता पर्दछ । बढ्दो रासायनिक मलको प्रयोगलाई कम गर्न र माटोको उर्वराशक्ति कायम राख तथा प्राङ्गारीक जैविक मलको स्थानीय स्तरमा उत्पादन गरी अर्गानिक उत्पादनमा जोड दिन आवश्यक छ । परम्परागत तरिकाले उत्पादन हुने प्राङ्गगारीक मलको मुख्य स्रोत गाईवस्तुको मलमुत्रः नै हो। यसलाई व्यवस्थित गर्न भकारो सुधार कार्यक्रम विश्यक छ । गाईवस्तुको मलमुत्रलाई व्यवस्थित गर्दै कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने उदेश्यले हुप्सेकोट गाउँपालिकाले सहकार्यमा भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि तयार गरी कार्यान्वयन गर्न नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम हुप्सेकोट गाउँपालिका गाउँकार्यपालिकाले "सहकार्यमा भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७८" बनाई व्यवस्थीत रुपमा भकारो सुधार कार्यक्रम कार्यान्वयन तथा सञ्चालन गर्न लागेको छ ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम " हुप्सेकोट गाउँपालिकाको सहकार्यमा भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि हुप्सेकोट गाँउपालिका गाँउकार्यपालिकाबाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः-

(क) "कार्यालय" भन्नाले हुप्सेकोट गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले हुप्सेकोट गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) पशु विकास शाखा भन्नाले हुप्सेकोट गाउँपालिकाका पशु विकास शाखा लाई सम्झनु पर्दछ ।

(घ) "कृषक" व्यवसायीक रुपमा पशुपालन व्यावसाय सञ्चालन गरेका वा साना किसानको रुपमा दुधालु गाई वा भैसी लन गरेका किसानलाई सम्झनु पर्दछ ।

(ङ) "समुह" समुह भन्नाले १५ वा १५ भन्दा वढी सदस्य भई गठन गरि आधिकारिक निकाय वा हुप्सेकोट गाउपालिकामा विधिवत दर्ता भएको समुहलाई सम्झनु पर्नेछ ।

(च) "वडा" भन्नाले हुप्सेकोट गाउँपालिकाको वडाकार्यालयलाई सम्झनु पर्दछ ।

**३.कार्यक्रम संचालनको उद्देश्यः** भकारो सुधार कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहनेछ ।

(क) पशुपालक किसानहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउने ।

(ख) भकारो सुधार गरी पशुहरुलाई व्यवस्थीत र सुधारिएको गोठमा राखी कृषकहरुको उत्पादन र उत्पादकत्वमा वृद्धी

(ग) गुणस्तरीय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ।

(घ) रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।

(ङ) दिगो रुपमा कृषि र पशुपालन गरी आर्थीक विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने ।.

(च) कम्पोष्ट मल तयार गरी वातावरण स्वस्थ राखे ।

(छ) कृषकहरुलाई कृषी र पशुपालनमा जोड दिई गाँउपालिकाले लिएको आर्थिक सम्वृद्धी हासील गर्न टेवा पुर्याउने ।

(ज) समुह सहकारीको माध्यमवाट कृषकहरुई शसक्त बनाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद- २
## कार्यक्रम संचालन प्रकृया

**४.कार्यक्रम संचालन प्रकृयाः** यस कार्यक्रमको संचालन प्रकृया देहाय बमोजिम हुनेछः

(क) हुप्सेकोट गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ ।

(ख) कार्यालयले कार्यक्रम सञ्चालनको लागी अनुसूचि-१ बमोजिम १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ

(ग) कार्यालयवाट प्रकाशीत सूचनानुसार आवश्यक न्युनतम मापदण्ड पुगेका कृषक, कृषक समुह तथा कृषक समितिले कार्यक्रमको लागि सुचनाको म्याद भित्र कार्यक्रम सञ्चालनको प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) कार्यक्रम संचालन गरिने कृषक तथा समूह छनौट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सूचना अनुसार कृषक तथा कृषक समूहले दिएको निवेदनका आधारमा कार्यालयले कार्यक्रमको लागि दफा ९ वमोजिमको समितिवाट अनुगमन तथा मुल्याङ्कन गरी सोको प्रतिवेदनका आधारमा दफा १० बमोजिमको समितिवाट कृषक, कृषक समुह कृषक समिति छनौट गर्नेछ ।

(ङ) दफा ९ र १० बमोजिम कृषक छनौट भएपश्चात् कार्यक्रम् संचालनका लागि हुप्सेकोट गाउँपालिकाले छनोट गरिएका किसानको नामावलिसहित ७ दिने सुचना जारि गर्ने छ र सोहि अवधिमा अनुसुचि - ३ को ढाचाँ अनुसार कार्यक्रम सम्झौता पर्नेछ । साथै कार्यक्रम सम्झौता गरेको ३० दिन भित्र कार्यसम्पन्न गरी रकम भुक्तानीको लागी माग गर्नुपर्नेछ र मापदण्ड पुगेका कृषकहरुलाई कार्यालयले रकम भुक्तानी दिनेछ ।

(च) एउटै व्यक्ति वा समूहलाई दोहोरो पर्नेगरी सुविधा वा अनुदान दिईने छैन । साथै कार्यालयवाट हालसम्म कुनै पनि अनुदान प्राप्त नगरेका कृषकलाई प्राथमिकता दिईने छ ।

**५. अनुदानग्राही छनौटको तरिकाः** अनुसूचि- ४ बमोजिम बढि अंक प्राप्त गर्ने कृषकलाई छनोटको लागि सिफारिस गरिनेछ ।

**६.छनौट भएका अनुदानग्राहिले सम्पन्न पश्चात रकम प्राप्त गर्न अनिवार्य गर्नुपर्नेः** भकारो सुधार गर्दा कम्तीमा प्रति कृषक प्रतिव्यक्ती एउटा गोठमा २ वटा भकारो २ माउको लागि र २ वटा बच्चाहरुका लागी सजिलै बस्न मिल्ने गरि थप १ भकारो गरी ३ वटा भकारो सुधार गर्नुपर्नेछ (जसलाई १ भकारो सुधार गरीएको भनि मानिनेछ।। भकारो सुधार गर्दा पशुको लागि सजिलै बस्न मिल्ने र गहुँत (गाँई भैसीको पिसाव) नचुहिने गरी पक्की तरीकाले गर्नु पर्नेछ । गहुत संकलन टयांकीको ब्यबस्था हुनुपर्ने छ ।

**७.अनुदानको ब्यबस्थाः** सहकार्यमा भकारो सुधार कार्यक्रमका लागि गाउँपालिको तर्फवाट ७५ % र कृषकको तर्फवाट % गरी कार्य सञ्चालन गरीने छ र यस्तो अनुदान कुल लागतको ७५ % वा रु. १५,००० मध्ये जुन कम छ सोहि हम बराबरको अनुदान उपलब्ध हुनेछ ।

**८.रकम भुक्तानीको प्रक्रीयाः** रकम भुक्तानीको लागि देहाय वमोजिमको प्रक्रिया पुरा गरेपछी रकम भुक्तानी गरीनेछ ।

(क) अनुगमन समीतीवाट काम सम्पन्न भए पश्चात अनुगमन प्रतिवेदन ।

(ख) विल भरपाइ साथ प्रचलित कानुन वमोजिमका आवश्यक कागजातहरु ।

(ग) सम्वन्धित किसानको बैंक खाता नम्वर ।

(घ) नागरिकताको प्रतिलिपि ।

(ङ) वडा कार्यालयको सीफारीस ।

(च) कार्य सम्पन्न भएको प्रष्ट देखीने फोटो ।

**९.कार्यक्रम अनुगमन तथा मुल्याङ्कन सम्वन्धी व्यबस्थाः**(१) यस कार्यक्रम कार्यान्वयनको लागि तपशिल वमोजिमको कार्यक्रम अनुगमन तथा मुल्याङ्कन समिति रहने छ ।

(क) हुप्सेकोट गाउँपालिका कृषी शाखा प्रमुख एवम प्रतिनिधि - संयोजक

(ख) हुप्सेकोट गाउँपालिकाको सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ग) हुप्सेकोट गाउँपालिका पशु सेवा शाखा प्रमुख एवम प्रतिनिधि - सदस्य सचिव

(२) अनुगमन तथा मुल्याङ्कन समीतीले आवश्यकता अनुसार आवश्यकता महशुस गरी विषय विज्ञ वा स्थानीय पदाधिकारीलाई मितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१०.कार्यक्रममा अनुदानग्राहि छनौट सम्वन्धि व्यवस्था :** (१)कार्यक्रममा अनुदानग्राहि छनौटका लागि तपशिल बमोजिमको छनौट समिति रहने छ ।

(क) हुप्सेकोट गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत- संयोजक

(ख) हुप्सेकोट गाउँपालिका कृषि शाखा प्रमुख एवम प्रतिनिधि- सदस्य

(ग) हुप्सेकोट गाउँपालिका योजना शाखा प्रमुख एवम प्रतिनिधि-सदस्य

(घ) हुप्सेकोट गाउँपालिका पशु शाखा प्रमुख एवम प्रतिनिधि-सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञ वा स्थानीय तहका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**११.निर्देशन दिन सक्नेः** कार्यक्रम कार्यान्वयन सम्बन्धमा हुप्सेकोट गाउँपालिकाले आबश्यकता अनुसार निर्देशन दिन सक्नेछ ।

**१२. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा कुनै अस्पष्टता एवं सुविधा उत्पन्न भएमा हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३.मापदण्ड बेनाउन सक्नेः** अधिकार यस कार्यविधिलाई कार्यान्वयन गर्नका लागि हुप्सेकोट गाउँपालिकाले आवश्यक विति नियम नाउन सक्नेछ ।

**अनुसूची- १**

**दफा ४ को ख संग सम्बन्धित**

**सहकार्यमा भकारो सुधार कार्यक्रम प्रस्ताव माग आव्हान सम्बन्धि सूचना ।**

प्रथम पटक प्रकाशित मिति २०..........

हुप्सेकोट गाउँपालिकाको आ.व. २०..../..... को वार्षिक स्कृ्ित कार्यक्रम अनुसार "हुप्सेकोट गाउँपालिकाको भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०७८ बमोजिम लागत साझेदारिमा भकारो सुधार कार्यक्रम सञ्चालन रहेको हुँदा व्यावसायिक कृषक कृषक समुह वा कृषि समितिले सुचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र सम्वन्धित वडा कार्यालयमा कार्यक्रम सञ्चालनको लागि अनुसुचि २ बमोजिमको ढाचाँमा निवेदन तथा अनुसूचि २ बमोजिमका कागजात सहित प्रस्ताव आव्हान गर्नुहुन सम्बन्धित सबैमा जानकारीको यो सूचना प्रकाशित गरीएको छ । आवेदन फाराम हुप्सेकोट गाउँपालिका पशु विकाश शाखा वा सम्वन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ ।

आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

१. अनुसूचि २ बमोविमको ढाचाँमा निवेदन र सम्वन्धित कागजातहरु ।

२. समुह, समितिको हकमा समुह दर्ता प्रमाणपत्र तथा कार्यक्रम मागको निर्णय प्रतिलिपि ।

३. नागरिकताको प्रतिलिपि ।

४. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

हुप्सेकोट गाउँपालिका

**अनुसूची-२**

**दफा को ४ ग संग सम्बन्धित**

**सहकार्यमा भकारो सुधार कार्यक्रमको लागि कृषकले दिने निवेदनको ढाँचा**

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू

हुप्सेकोट गाउँपालिकाको कार्यालय झ्यालबास, नवलपरासी ।

विषय : सहकार्यमा भकारो सुधार कार्यक्रम सञ्चालनको लागि अनुदान सम्वन्धमा ।

प्रस्तुत विषयमा यस हुप्सेकोट गाउँपालिकाको मिति २०.../..../.... गतेको प्रकाशित सूचनानुसार भकारो सुधार कार्यक्रम सञ्चालनको लागि निवेदन माग भएवमोजिम हुप्सेकोट गाउँपालिका वडा नं.....मा स्थाहि रुपमा वसोवास गर्ने म हामी .. कृषक/कृषक समुह, कृषक समितिले विगत ..... वर्षयता ....... वटा दुधालु माउँ गाई/भैसी पालिरहेको र व्यावसायलाई थप उत्पादनमुलक वनाउनको लागि त्यहाको कार्यालयवाट उपलब्ध हुन गईरहेको भकारो सुधार कार्यक्रम सम्बन्धि अनुदान रकम उपलब्ध गराईदिनुहुन तपशिलका विवरणहरु संलग्न राखि यसै निवेदन अनुरोध गर्दछु गर्दछौ ।

तपशिल विवरण :

१.समुह, समितिको हकमा समुह दर्ता प्रमाणपत्र तथा कार्यक्रम मागको निर्णय प्रतिलिपि ।

२.नागरिकताको प्रतिलिपि ।

३. वडा कार्यालयको कार्यक्रम माग सम्वन्धि सिफारिस पत्र ।

४.घरमा भएका माउँ गाई भैसिको संख्या ।

निवेदकको तर्फवाट :

नाम थरः............................

ठेगानाः..............................

हस्ताक्षरः...........................

समुह, समितिको हकमा छाप

समुह, समितिका प्रतिनिधिको हस्ताक्षर

हुप्सेकोट गाउँपालिका

**अनुसूची — ३**

**दफा को ४ ङ संग सम्बन्धित**

**संझौता पत्रको ढाचा**

हुप्सेकोट गाउपालिका (यस पछि पहिलो पक्ष भनिने। मार्फत संचालन गर्न लागेको आ व. २०७८।७९ को सहकार्यमा भकारो सुधार, कार्यक्रममा हुप्सेकोट गाउँपालिका वडा नं.........का कृषक समुह/सहकारीका ................ (पद) श्री .................................... (यस पछि दोस्रो पक्ष भनिने) विच मिति .................................. तपसिलका सर्तनामाहरु पालना गर्ने गरि कार्यक्रम संपन्न गर्न संझौता गरि लियौ / दियौ ।

**शर्तहरु** :

१. दोस्रो पक्षले संझौता भएको मितिले ७ दिन भित्र कामको सुरुवात गर्नु पर्नेछ र ३० दिन भित्र कार्यसम्पन्न गरी रकम भुक्तानी गर्नुपर्नेछ ।

२. अनुदान ग्राहिलाई कुल लागतको ७५ प्रतिशत वा बढीमा रु १५,०००। अक्षरुपी पन्ध्र हजार मध्ये जुन कम हुन्छ सोहि बापतको रकम कार्यालयले उपलब्ध गराउनेछ ।

३. प्रथम पक्षले कार्य प्रगतिको आधारमा कार्य सम्पन्न भइसकेपछि भुक्तानि दिनेछ ।

४. स्विकृत कार्ययोजना वमोजिम कार्य सम्पन्न पश्चात सन्चालन तथा मर्मत सम्हार तगायतका सम्पुर्ण कार्यहरुको जिम्मेवारि दोस्रो पक्षको हुनेछ ।

५. प्रथम पक्षले सुरुमा कार्यक्रम संञ्चालानार्थ स्विकृत कार्ययोजना अनुसार कार्यसम्पन्न गरि कार्यविधिमा तोकिय वमोजिमका निवेदन सक्कल बिल भरपाई लगायतका कागजात पेश गरे पश्चात अनुगमन गरि प्रतिवेदनका आधा। रमा दोस्रो पक्षलाई ए सि पेयी चेक मार्फत रकम भुक्तानि गरिनेछ ।

६. दोस्रो पक्षले स्वीकृत कार्यक्रम सम्पन्न गरिसकेपछि कार्यक्रमकों दुरुपयोग गरेको पाइएमा प्रचलित कानुन अनुसार सरकारी वाँकी सरह अशुल उपर गर्न सक्नेछ ।

७. कार्यक्रम सन्चालनको क्रममा आउन सक्ने दुविधाका विषयमा दुवै पक्षको आपसि सहमति र कार्यालयको नियमानुसार हुनेछ ।

८. सम्झौतामा उल्लेख हुन छुटेका विषयमा प्रचलित कानुन अनुसार हुनेछ ।

| | |
|---|---|
| **दोस्रो पक्ष** | **प्रथम पक्ष** |
| **हस्ताक्षर** | **हस्ताक्षर** |
| **नाम** | **नाम** |
| **पद** | **पद** |
| **ठेगाना** | |
| **छाप** | |
| **साक्षि** | **साक्षि** |
| **हस्ताक्षर** | **हस्ताक्षर** |
| **नाम** | **नाम** |
| **पद** | **पद** |

**अनुसूची-४**

**दफा  ५  संग सम्बन्धित**

**हुप्सेकोट गाउँपालिका पशु विकाश शाखावाट आ.व. २०७८।७९ मा भकारो सुधार कार्यक्रममा आवेदन माग गरेका कृषकहरुको मुल्याङ्कन फारम तालिका ।**

कृषकको नाम र ठेगाना :

समुह तथा संस्थाको नाम :

मेह तथा संस्था दर्ता नं, मिति र कार्यालयः

अनुगमन मिति :

| **क.स.** | **मुल्याङ्कनका आधारहरु** | **जम्मा अङ्क** | **प्रदान गरीएको अङ्ग** |
|---|---|---|---|
| १. | सम्वन्धीत क्षेत्रमा विगतमा अनुदान नलिएको | ३० | |

हुप्सेकोट गाउँपालिका

| | |
|---|---|
| २. प्रति पशु १५ अंकको दरले बढिमा कुल | ४५ |
| ३. बैदेशीक रोजगारीवाट फर्किएर पशुपालन गरेको | १५ |
| ४.गोठमा भएका अन्य व्यवस्थापनका पक्षहरु | १० |
| जम्मा | १०० |

**अनुगमन तथा मुल्याङ्कन कर्ताको**

| | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | ........................... | .................. | .................. |
| २ . | ............................... | ........................... | ..................... |
| ३ . | ................................ | .......................... | ....................... |
| ४ . | ............................. | .......................... | .......................... |

**प्रमाणीकरण मितिः२०७८/०३/३०**

**राजपत्रमा प्रकाशित मितिः २०७८/०४/०१**

**आज्ञाले**

**पवन अर्याल**

**प्रमुख प्रशासकीय अधिकृत**

हुप्सेकोट गाउँपालिका